Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu**

# Press Release

Date: 2074.10.10

## प्रेस विज्ञप्ति

माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाल आद्योगिक विकास निगम(NIDC)लाई राष्ट्रिय वाणिज्य बैंकमा मर्ज गर्ने कार्य सम्पन्न भए पश्चात राष्ट्रिय वाणिज्य बैंक अझै बलियो हुने बताउनु भएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३ औं वार्षिकोत्सव समारोहमा बोल्दै उहांले भन्नुभयो– शहरी, ग्रामिण र दुर्गम स्थानमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै वित्तीय सुधार र वित्तीय समावेशीताका लागि राष्ट्रिय वाणिज्य बैंक पायोनीयर बन्नुपर्ने बताउनु भयो । उहांले बैंकलाई नयां पुस्ताको आकर्षणको केन्द्र बनाउन सक्नु प्रमुख चुनौती हो भन्नुभयो ।

समारोहमा नेपाल राष्ट्र बैंकका कार्यबाहक गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा रावा बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणि रहेको बताउनुभयो । उहांले नयां प्रादेशिक संरचनाअनुसार बैंकहरुले सवै स्थानीय निकायमा शाखा खोल्नुपर्ने र त्यसको नेतृत्व राष्ट्रिय वाणिज्य बैंकले गर्नुपर्ने बताउनुभयो ।

बैंकका संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले विगत १० वर्ष यता देखि बैंकको सवै वित्तीय सुचकहरु सकारात्मक ढगंले अगाडी बढिरहेका छन् । यद्धपी विद्यमान अवस्थामा बैंकका सामु थुप्रै प्रकारका चूनौतीहरु छन् र पनि बैंक भित्रको जनशक्तिलाई पूर्ण रुपमा उत्प्रेरित गर्न सकियो भने चुनौतीको सामना गर्न सकिन्छ बताउनुभयो। अध्यक्ष डा. पाण्डेले बैंकमा युवा पुस्तालाई आकर्षण गर्ने गरी प्रविधिमा आधारित सेवाहरु ल्याइरहेको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु भयो । उहांले २०७४ पुस मसान्तसम्म बैंकले १ खर्व ४९ अर्व रुपैंया, निक्षेप संकलन १ खर्व १० करोड कर्जा लगानी गरेको बताउनुभयो । ८ अर्व ५८ करोड ८९ लाख पूंजी पुगेको बताउनुभयो । यो रावा बैंकले यस अवधिमा खुद मुनाफा करिव १ अर्व ७५ करोड रुपैंया पुर्‍याएको छ । यो नाफा गत बर्ष पौष मसान्तमा १ अर्ब ३० करोड रुपैंया थियो । खराब कर्जाको अनुपात ३ प्रतिशत भन्दा तल राख्न सफल भएको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनुभयो ।

आज भन्दा ५२ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो वैंक आज देशका ७७ जिल्ला मध्ये ६९ जिल्लामा आफ्नो उपस्थिति जनाई देश र नागरिकको सेवामा समर्पित रहदै आएको छ । हाल मुलुकभर वैंकका १८० वटा शाखा कार्यालय, १३० वटा ए.टि.एम, १७ स्थानमा एक्सटेन्सन काउण्टर, ९२ स्थानमा शाखारहित वैंकिंग सेवा संचालनमा रहेका छन् भने २०७५ आषाढ मसान्तसम्म थप ४४ वटा शाखा कार्यालय, ७० वटा ए.टि.एम. र २० स्थानमा शाखारहित वैंकिंग सेवा सञ्चालन हुने क्रममा रहेको व्यहोरा उहाले जानकारी गराउनु भयो ।

कार्यक्रममा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत अटिजम बालबालिकाहरुको लागि विशेष स्कुलकी अध्यक्ष सबिता उप्रेतीलाई सहयोग गरिएको थियो । कार्यक्रममा बैंकको उत्कुष्ट शाखा कार्यालय, उत्कृष्ट कर्मचारी, पूर्व कर्मचारी सम्मान कार्यक्रम, २० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरु तथा भुपु कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा बैंकमा रावा बैंक कर्मचारी सघंका अध्यक्ष बेदबहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संघठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रावा बैंक पूर्व कर्मचारी संघका अध्यक्ष पुरुषेत्तम निरौलाले शुभकामना ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु नारायण पौडेल, महेश्वरलाल श्रेष्ठ, बैंक संचालक समितिका सदस्यहरु, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केशब प्रसाद लम्साल, टेकराज जोशी, विभागिय प्रमुखहरु लगायत कर्मचारीहरुको भब्य उपस्थिती रहेको थियो । कार्यक्रम नायब महाप्रवन्धक उद्धब प्रसाद खनालले संचालन गर्नुभएको थियो ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
५३ औं वार्षिकोत्सव समारोह
माघ १०, २०७४
PREMIER

